## स्थानीय तहको आर्थिक ऐन

# हेलम्बु गाउँपालिकाको आर्थिक ऐन २०७५

**प्रस्तावनाः** **गाउँसभाबाट पारित मितिः २०७५/०३/२४**

हेलम्बु गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हेलम्बु गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम आर्थिक ऐन २०७५ रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि हेलम्बु गाउँ पालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गाकर लगाईने र असुल उपर गरिनेछ।

**३. भुमी कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भूमी कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **नक्शा पास दस्तुर र घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पनर जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसुची (३) बमोजिम नक्शा पास दस्तुर र घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिकाका क्षेत्रभित्र व्यपार व्यवसाय वा सेवामा पुँजीगत लागनी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी कवाडी र जीवजन्तु करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकको अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ प्वाँख छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसुची (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएको सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरन्जन करः**गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. ट्रेकिङ, कोयोकिङ, क्यानोईङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ, कोयोकिङ, क्यानोईङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

## अनुसूची १
## एकिकृत सम्पत्ति कर

| सम्पत्तिको सिमा | कर | कैफियत |
|---|---|---|
| रु १ देखि ४,९९,९९९ सम्म | रु. २५०।- | |
| रु ५,००,००० देखि ९,९९,९९९ सम्म | रु ५००।- | |
| रु १०,००,००० देखि १४,९९,९९९ सम्म | रु ७५०।- | |
| रु १५,००,००० देखि १९,९९,९९९ सम्म | रु १०००।- | |
| रु २०,००,००० देखि २४,९९,९९९ सम्म | रु १२५०।- | |
| रु २५,००,००० देखि २९,९९,९९९ सम्म | रु १५००।- | |
| रु ३०,००,००० देखि ३४,९९,९९९ सम्म | रु १७५०।- | |
| रु ३५,००,००० देखि ३९,९९,९९९ सम्म | रु २०००।- | |
| रु ४०,००,००० देखि ४४,९९,९९९ सम्म | रु २२५०।- | |
| रु ४५,००,००० देखि ४९,९९,९९९ सम्म | रु २५००।- | |
| रु ५०,००,००० देखि ६९,९९,९९९ सम्म | रु ३७५०।- | |
| रु ७०,००,००० देखि ८९,९९,९९९ सम्म | रु ५२५०।- | |
| रु ९०,००,००० देखि १,००,००,००० सम्म | रु ६०००।- | |
| १,००,००,००० भन्दा माथि प्रति १० लाखमा | रु १०००।- | |

❖ **खेतीयोग्य जमिन बाँझो राखेमा २५ प्रतिशत थप शुल्क लाग्नेछ।**

## अनुसूची २
## भुमी कर (मालपोत)

| सि.नं | शीर्षक/विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १ | कालोपत्रे सडकमा जोडिएको जग्गा (तालामाराङ्ग तिम्बु सडक खण्ड) एक रोपनी सम्मको | १५०/- |
| २ | कालोपत्रे सडकमा जोडिएको जग्गा एक रोपनी भन्दा माथि प्रति रोपनीको थप | ७५/- |
| ३ | मोटरबाटो (ग्राभेल माटे सडक जोडिएको) जग्गा एक रोपनी सम्मको निम्न सडकहरुसँग जोडिएको<br>क) चनौटे इचोक सडक खण्ड<br>ख) चनौटे माँहाकाल सडक खण्ड<br>ग) रातोपुल देवीस्थान नागीँडाँडा सडक खण्ड<br>घ) तिम्बु शेर्माथान सडक खण्ड<br>ङ) किउल वगर निगाले शेर्माथान सडक खण्ड | १००/- |
| ४ | मोटरबाटो (ग्राभेल माटे सडक जोडिएको माथि उल्लेखित सडकहरु) जग्गा एक रोपनी माथि प्रति रोपनीको थप | ५०/- |
| ५ | अन्य ग्रामणि सडकहरुसँग जोडिएको जग्गा एक रोपनीसँगको | ५०/- |
| ६ | अन्य ग्रामिण सडकहरुसँग जोडिएको जग्गा एक रोपनी माथी प्रतिरोपनी | २०/- |
| ७ | धानखेत जग्गा प्रति रोपनी | ३०/- |
| ८ | पाखोबारी जग्गा प्रति रोपनी | १५/- |
| ९ | क) अन्यथा विलम्ब शुल्क १ वर्षपछि<br>ख) ३ वर्षपछि<br>ग) सो भन्दा माथि | १५%<br>२५ %<br>३५% |

❖ **खेतीयोग्य जमिन बाँझो राखेमा २५ प्रतिशत सम्म थप शुल्क लाग्नेछ।**

## अनुसूची ३
## नक्शा पास दस्तुर र घर वहाल कर

| सि.नं | शीर्षक/विवरण | आ.व ०७५/०७६को लागि प्रस्तावित |
|---|---|---|
| १. | घर नक्सा पास निर्माण स्वीकृति दस्तुरः | |
| क) | बजार क्षेत्रमा<br>अ) आर.सी.सी ढलान घर(तिन तला सम्म) प्रतिवर्ग फिट<br>आ) आर.सी.सी ढलान घर तिन तला भन्दा माथि प्रतिवर्ग फिट<br>ई) फुस टिन छाना टहरा भएको घर प्रतिवर्ग फिट | <br>५/-<br>७/-<br>१/- |
| ख) | गाउँ क्षेत्रमा<br>अ) आर.सी.सी ढलान घर(तिन तला सम्म) प्रतिवर्ग फिट<br>आ) आर.सी.सी ढलान घर ३ तला भन्दा माथि प्रतिवर्ग फिट<br>ई) फुस टिन छाना टहरा भएको घर प्रतिवर्ग फिट | <br>३/-<br>५/-<br>१/- |
| २. | घर बहाल कर | २ % |

**गाउँपालिका क्षेत्रभित्र संचालित व्यवसायहरुलाइ वार्षिक रुपमा निम्नानुसारको वार्षिक कर लगाइने छ ।**

**अनुसूची ४**
**व्यवसाय कर**

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १ | सुन, चाँदी, विक्रेता | १,०००/- |
| २ | भिडियो, क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक | ५००/- |
| ३ | चुरोट रक्सी<br>क) थोक विक्रेता<br>ख) खुद्रा विक्रेता | <br>२,०००/-<br>१,०००/- |
| ४ | हलुका पेय पदार्थको थोक विक्रेता | १,०००/- |
| ५ | निर्माण सामाग्री<br>क) सिमेन्ट, छड, धातुका निर्माण सामान समेत (५० लाख सम्मको कुल लगानी)<br>ख) सिमेन्ट, छड, धातुका निर्माण सामान समेत (५० लाख भन्दा माथि कुल लगानी | <br>३,०००/-<br>५०००।- |
| ६ | कम्प्युटर र सोका सामान आदि विक्रि गर्ने पसल | १,५००/- |
| ७ | विद्युत पसल<br>क) विजुलीको सबै सामान थोक<br>ख) बिजुलीको सबै सामान खुद्रा | <br>१,०००/-<br>५००/- |
| ८ | रेडियो घडि मोवाईल तथा अन्य विद्युतिय सामान विक्री गर्ने पसल | १,०००/- |
| ९ | फर्निचरका सामान तथा कार्पेट पसल | १,५००/- |
| १० | पेट्रोलियम पदार्थ<br><br>क) आयल निगमको डिलर भै पेट्रोलियम पदार्थ विक्रि गर्ने<br>ख) ग्यास डिलर | <br><br><br>२,०००/-<br>१,५००/- |
| ११ | टेलिभिजन पसल<br>क) टि.भी फ्रिज तथा अन्य सामानको पसल | <br>२,०००/- |
| १२ | खाद्यान्न किराना पसल<br>क) थोक विक्री गर्ने पसल<br>ख) सबै सामान राखी खुद्रा किराना सामान विक्री गर्ने | <br>१,५००/-<br>१,०००/- |
| १३ | फलफूल तथा तरकारी पसल, घुम्ती पसल | ५००/- |
| १४ | स्वदेशी, विदेशी कपडा तथा तयारी पोषाक जुत्ता आदि विक्री पसल | १,०००/- |
| १५ | व्यूटीपार्लर केश श्रृङ्गार तथा केश काट्ने शैलुन ड्राई क्लिनर्स, फोटो स्टुडियो सिलाई आदि | ५००/- |
| १६ | साइडवोर्ड बनाउने पेन्टिङ्ग सेवा | ५००/- |
| १७ | पशु वधशाला | १,०००/- |
| १८ | मासु विक्रेता | ५००/- |
| १९ | पुल हाउस | १,०००/- |
| २० | सिसा प्लाईउड विक्रेता | १,०००/- |
| २१ | भाँडाकुडा विक्रोता | १,०००/- |
| २२ | स्टिल, काठ फर्निचर विक्रेता | १,०००/- |
| २३. | खेलौना उपहार (गिफ्ट) कस्मेटिक पसल | ५००/- |
| २४ | केवुल नेटवर्किङ | ३,०००/- |
| २५ | डेरी उद्योग, संकलन केन्द्र | २,०००/- |
| २६ | सिलाई | ५००/- |
| २७ | बेकरी तथा चिया कफि सप | ५००/- |
| २८ | विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा | १,५००/- |
| २९ | सामान ढुवानीकर्ता तथा कम्पनी | १,५००/- |
| ३० | निर्माण व्यवसाय | |
| | क) श्रेणिको<br>ख) श्रेणिको<br>ग) श्रेणिको<br>घ) श्रेणिको | ५,०००/-<br>३,५००/-<br>३,०००/-<br>२,०००/- |
| ३१ | उत्पादन मुलक उद्योग<br>क) ईंटा तथा प्लास्टिक कारखाना (निर्माण सामाग्री)<br>ख) नेपाली कागज<br>ग) जडीबुटी<br>घ) कलर ल्याब | <br>५,०००/-<br>३,०००/-<br>२,०००/-<br>२,०००/- |
| ३२ | फर्निचर उद्योग<br>क) ट्रली समेत राखेको स-मिल<br>ख) स-मिल तथा उच्च स्तरको फर्निचर बनाउने उद्योग<br>ग) सामान्य फर्निचर उद्योग | <br>२,५००/-<br>३,०००/-<br>१,५००/- |

| | | |
|---|---|---|
| ३३ | उर्जामूलक उद्योग-हाइड्रो अन्य | १०,०००/- |
| | कृषि तथा बन्यजन्य उद्योग<br>क) एक करोड भन्दा माथि पुजी भएको<br>ख) एक करोड सम्मको<br>ग) पचास लाख सम्मको | <br>२,०००/-<br>१,५००/-<br>१,०००/- |
| ३४ | कृषि फारम, ट्राउट<br>क) ३० लाख सम्म कुल लगानी<br>ख) ३० लाख भन्दा माथि कुल लगानी | <br>३५००।-<br>५०००।- |
| ३५ | कृषि निर्यात कर प्रति ट्रक | २००/- |
| ३६ | खनिज उद्योग | २०,०००/- |
| ३७ | होटल लज(रिसोर्ट, होटल, लज, होटल रेष्टुराँ)<br>क) वर्ग (लजको लागि १० कोठा माथि भएको)<br>ख) वर्ग (लजको लागि ५-९ कोठा भएको)<br>ग) वर्ग (माथि उल्लेखित बाहेक) | <br>५,०००/-<br>२,०००/-<br>१,०००/- |
| ३८ | सेवा उद्योग<br>क) सिनेमा हल<br>ख) अफसेट प्रेस<br>ग) लेटर प्रेस<br>घ) कोल्ड स्टोर तथा फास्ट फुड पसल<br>ङ) चलचित्र व्यवसाय अडियो<br>च) हवाई सेवा बुकिङ काउन्टर<br>छ) सार्वजनिक परिवहन (बुकिङ काउन्टर) | <br>५,०००/-<br>२,०००/-<br>१,०००/-<br>५००/-<br>१,०००/-<br>१,०००/-<br>१,०००/- |
| ३९ | निर्माण उद्योग | ५,०००/- |
| ४० | संचार सेवा : फोन, फ्याक्स, इमेल, इन्टरनेट, फोटोकपि, कुरियर आदि मध्ये कुनै एक राखेको लाई | १,०००/- |
| ४१ | क) टेलिभिजन केवल वा डिसहोम सेवा प्रदायक<br>ख) इन्टरनेट सेवा प्रदायक<br>ग) इन्टरनेट तथा केवुल डिस होम संयुक्त | २५००/-<br>८०००/-<br>१००००/- |
| ४२ | पत्रपत्रिका तथा स्टेशनरी<br>क) पत्रपत्रिका तथा स्टेशनरी सामान राखेको पसल<br>ख) पत्रिका पसल | <br>१,०००/-<br>५००/- |
| | वित्तीय सेवा | |
| ४३ | क) निजी क्षेत्रका आर्थिक कारोबार गर्ने क वर्गका बैंक | १५,०००/- |
| | ख) निजी क्षेत्रका आर्थिक कारोबार गर्ने ख वर्गका बैंक | १०,०००/- |
| | ग) निजी क्षेत्रका आर्थिक कारोबार गर्ने ग वर्गका बैंक | ५,०००/- |
| | घ) निजी क्षेत्रका आर्थिक कारोबार गर्ने घ वर्गका बैंक | ३,०००/- |
| ४४ | विमा कम्पनी | ५,०००/- |
| ४५ | विदेशी मुद्रा सटही काउन्टर | ५,०००/- |
| ४६ | धितो पत्र कारोबार | ५,०००/- |
| ४७ | सहकारी बैंक | ३,०००/- |
| ४८ | सहकारी संस्था | १,०००/- |
| | स्वास्थ्य सेवा | |
| ४९ | क) गैर सरकारी अस्पताल<br>ख) नर्सिङ होम<br>ग) क्लिनिक तथा ल्याब | ३,०००/-<br>३,०००/-<br>१,०००/- |
| ५० | क) उद्योग दर्ता<br>ख) उद्योग नवीकरण | १,०००/-<br>५००/- |
| ५१ | विद्युतीय/इन्धन कुटान पिसान मिल | ५००/- |
| ५२ | पानी घट्ट | २००/- |
| ५३ | १ मेगावाट सम्मको जलविद्युत आयोजना | ५०००००/प्रति वर्ष |

## अनुसूची ५
## जडिबुटी कवाडी र जिवजन्तु

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १. | खोटो प्रति के.जी | ५/- |
| २ | चिराईंतो प्रति के.जी | २/- |
| ३ | अग्रेली प्रति के.जी | २/- |
| ४ | लोक्ता प्रति के.जी | २/- |
| ५ | अल्लो प्रति के.जी | २/- |
| ६ | यार्सागुम्बा प्रति के.जी | २०,०००/- |
| ७ | सतुवा प्रति के.जी | ३५/- |
| ८ | बोझो प्रति के.जी | २/- |
| ९ | पाखनबेद प्रति के.जी | २/- |
| १० | पाँचऔंले प्रति के.जी | ५००/- |
| ११ | धुपी प्रति के.जी | २/- |

| | | |
|---|---|---|
| १२ | सुनपाते धुप प्रति के.जी | २/- |
| १३ | जडिबुटी च्याऊ प्रति के.जी | १०/- |
| १४ | मजेटो प्रति के.जी | २/- |
| १५ | टिम्मुर प्रति के.जी | २/- |
| १६ | अमला प्रति के.जी | २/- |
| १७ | लेमनग्रास प्रति के.जी | २/- |
| १८ | धसिङगरे प्रति के.जी | ३० पैसा |
| १९ | भ्याऊ प्रति के.जी | २/- |

**अनुसूची ६**
**सवारी साधन व्यवसाय कर तथा प्रवेश शुल्क**

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| **१** | **पसल/सोरुम** | |
| १.१ | मोटर खरिद बिक्रि पसल | ५,०००/- |
| १.२ | मोटर साइकल बिक्रि /सोरुम | ३,०००/- |
| १.३ | साइकल बिक्रि सोरुम | १,०००/- |
| १.४ | सवारी साधनका पार्ट पुर्जा | १,०००/- |
| १.५ | रिकन्डीसन सवारी खरिद बिक्रि | १,०००/- |
| १.६ | साइकल बोर्कसप | १,०००/- |
| **२** | **प्रवेश शुल्क (पटके)** | |
| २.१ | हेभी गाडी, डोजर, क्रेन | ५०/- |
| २.२ | बस, ट्रक, ट्रिपर, मिनी बस | २५/- |
| २.३ | कार, जिप, भ्यान | २०/- |

**अनुसूची ७**
**विज्ञापन कर**

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १. | होर्डिङ्ग बोर्ड, साइन बोर्ड प्रति वर्ग फुट | २०/- |
| २. | डिजीटल हिस्प्लेहरु | २०/- |
| ३. | पर्खाल, भित्ता आदिमा कम्पनी/संस्थाको विज्ञापन | २०/- |
| ४ | उपरोक्त बाहेकका अन्य हकमा प्रति वर्गको | २०/- |

**अनुसूची ८**
**मनोरञ्जन कर**

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १. | पिक्निक | १,०००/- |
| २. | फिल्म सुटिङ्ग (एक पटकको) | ५,०००/- |
| ३. | साँस्कृतिक कार्यक्रम (एक पटकको) | ५००/- |

**अनुसूची ९**
**बहाल विटौरी शुल्क**

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|

**अनुसूची १०**
**पार्किङ शुल्क**

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित (प्रतिदिन) |
|---|---|---|
| २.१ | हेभी गाडी, डोजर, क्रेन, | १००/- |
| २.२ | बस, ट्रक, ट्रिपर, मिनी बस | ८०/- |
| २.३ | भाडा कार, जिप, भ्यान | ५०/- |
| २.४ | मोटर साइकल | १०/- |

**अनुसूची ११**
**ट्रेकिङ कायाकिङ, क्यानोयिङ, बन्जी जम्पीङ्ग जीपफ्लायर र र्‍याफ्टिङ शुल्क**

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १. | ट्रेकिङ्ग | २५००।- |
| २ | कायाकिङ | २५००।- |
| ३ | क्यानोयिङ | २५००।- |
| ४ | बन्जी जम्पीङ्ग | १००००।- |

| | | |
|---|---|---|
| ५ | जीपफ्लायर | २५००।- |
| ६ | र्‍याफ्टिङ | २५००।- |
| ७ | प्याराग्लाइडिङ | १०,०००।- |

**बन्जी जम्पीङ र प्याराग्लाइडिङको गाउँपालिकाले प्रतिव्यक्ति शुल्क समेत उठाउने छ ।**

## अनुसूची १२
## सेवा शुल्क र दस्तुर

| सि.नं | शीर्षक विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १. | घर जग्गा नामसारी, मुल्याङकन सिफरिस | १००/- |
| २ | घर कायमको सिफरिस | १००/- |
| ३ | छात्रवृति सिफरिस | ५०/- |
| ४ | नागारिकता सिफरिस | १००/- |
| ५ | जन्म, मृत्यु, विवाह दर्ता | कानून बमोजिम |
| ६ | नाता प्रमाणित नेपाली | १००/- |
| ७ | विद्युत जडान सिफरिस | २००/- |
| ८ | अन्तारिक बसाई सराई सिफरिस | १००/- |
| ९ | व्यवसाय/उद्योग दर्ता सिफरिस | ५००/- |
| १० | विद्यालय ठाउँसरी सिफरिस | ५००/- |
| ११ | जुनसुकै सिफरिस अंग्रेजी | २००/- |
| १२ | जुनसुकै प्रतिलिपि सिफरिस | २००/- |
| १३ | संस्था दर्ता /सिफरिस | १०००/- |
| १४ | संस्था नवीकाण/ सिफरिस | ५००/- |
| १५ | सम्पति मूल्याङ्कन रकमको | ०.१०% |
| १६ | आम्दनी सिफरिस (आम्दानीको) | ०.१०% |
| १७ | कन्सुलर प्रमाणित (प्रति व्यक्ति) | १०००/- |
| १८ | उपरोक्त बाहेकका अन्य हकमा (नेपाली) | २००/- |
| १९ | उपरोक्त बाहेकका अन्य हकमा (अंग्रेजी) | ५००/- |
| २० | वडाबाट सिफारिस भई आएका अँग्रेजी कागजातको गा.पा बाट प्रमाणित | १०००।- |
| २१ | संस्था नविकरण | १००० |
| २२ | सहकारी नविकरण | ५००/- |
| २३ | संघसंस्थालाई कार्यक्रम संचालन गर्न अनुमती | १०००/- |
| २४ | अन्य विभिन्न प्रकारका सिफारिसहरु | ५००/- |

## अनुसूची १३
## पर्यटन शुल्क

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १ | होटल लज, रिसोर्ट, होटल, लज, होटल रेष्टुराँ | |
| | क) वर्ग (लजको लागि १० कोठा माथि भएको) | ५,०००/- |
| | ख) वर्ग (लजको लागि ५-९ कोठा भएको | २,०००/- |
| | ग) वर्ग (माथि उल्लेखित बाहेक) | १,०००/- |
| २ | रेष्टुरेन्ट एण्ड बार | १,०००/- |
| ३ | फास्ट फुड पसल | १,०००/- |
| ४ | बेकरी क्याफे | १,०००/- |
| ५ | रिसोर्ट | १,०००/- |
| ६ | अन्य पर्यटन उद्योग | १,०००/- |

## अनुसूची १४
## ढुंगा तथा खानी शुल्क

| सि.नं | व्यवसायको विवरण | आ.व ०७५/०७६ को लागि प्रस्तावित |
|---|---|---|
| १ | पत्रे ढुंगा खानी दर्ता | २,००,०००/- |
| २ | पत्रे ढुंगा खानी नवीकरण | ५०,०००/- |
| ३ | पत्रे ढुंगा निकासी शुल्क (पर वर्ग फिट) | ८/- |
| ४ | ढुंगा प्रयोग गरेबापत शुल्क (पर घन फिट) | ५/- |
| ५ | गिटी बालुवा प्रति क्यु फिट (गाउँपालिका भित्र)<br>(गाउँपालिका बाहिर ) | ८/-<br>१०/- |

**प्रस्तावक**
कोपिला पण्डित

**समर्थक**
मिङमार लामा